नेपाल सरकार
**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
सिंहदरबार, काठमाडौं ।

फोन नं.: ४२००३०९
४२००२८१

मा. मन्त्रीज्यूको निजि स्वकीय सचिवालय
सिंहदरबार, काठमाडौं

पत्र संख्याः ०७५।०७६
चलानी नं.: ४५

मिति २०७५/०७/२०

विषयः- **ध्यानाकर्षण सम्बन्धमा ।**

आजको मिति २०७५/०७/२० गते कान्तिपुर दैनिकमा यस मन्त्रालयसँग सम्बन्धित विषयमा प्रकाशित समाचारप्रति गम्भिर ध्यानाकर्षण भएको छ ।

"साइकल मन्त्रीसँग गाडीको लस्कर" शीर्षकमा छापिएको समाचारमा उल्लेख भएका कतिपय विषयमा स्पष्ट हुनुपर्ने भएकोले निम्न बमोजिम स्पष्ट पारिएको छ ।

१. माननीय मन्त्रीज्यूले मन्त्रीको कानूनी हैसियतले प्राप्त गर्ने सवारी साधनको सुविधा भन्दा बढी लिनु भएको छैन । मन्त्रीज्यूले प्रयोग गर्नु भएका दुईवटा झन्डासहितका गाडी मध्ये आवश्यकता अनुसार एउटा गाडी मन्त्री निवासमा पार्किङ्ग गरिएको हुन्छ र अर्को गाडी मा.मन्त्रीज्यूले प्रयोग गर्नु हुन्छ ।

२. मन्त्रीज्यूको निजी सचिवालयमा मन्त्रालयका उपसचिव (नीजि सचिव) र स्वकीय सचिवले १/१ वटा गाडी प्रयोग गर्दै आउनु भएको छ । यी गाडीहरु मन्त्रालयले नै उपलब्ध गराएको हो ।

३. सचिवालय र मन्त्री निवासमा यी भन्दा वढी गाडी प्रयोग गरिएको छैन ।

४. गाडी लगायत अन्य स्रोत सामाग्रीको प्रयोग समेत अत्यन्तै मितव्ययी र पारदर्शी हिसावले प्रयोग गरीएको र कुनै पनि अवैधानिक व्यक्तिबाट सरकारी स्रोत साधनको प्रयोग गर्ने वातावरण नभएको र कुनै आयोजनाका सवारी साधन पार्टीका गतिविधिमा प्रयोग नभएको व्यहोरा सवैलाई जानकारी गराइन्छ ।

५. उक्त समाचारमा प्रवक्ताको भनाई भनि उल्लेख भएका वाक्यांश फरक ढंगले प्रस्तुत भएको पाइएको व्यहोरा समेत अनुरोध छ ।

२०७५/७/२०
..................
सुरेश अधिकारी
नि.सचिव